# SIFE मौखिक अन्तर्वार्ता प्रश्नावली

## निर्देशन र मार्गनिर्देशन

**THE STATE EDUCATION DEPARTMENT** / THE UNIVERSITY OF THE STATE OF NEW YORK / ALBANY, NY 12234
Office of P-12

55 Hanson Place, Room 594
Brooklyn, New York 11217
Tel: (718) 722-2445 / Fax: (718) 722-2459

89 Washington Avenue, Room 528EB
Albany, New York 12234
(518) 474-8775 / Fax: (518) 474-7948

## THE UNIVERSITY OF THE STATE OF NEW YORK

### Regents of The University

MERRYL H. TISCH, *Chancellor,* B.A., M.A., Ed. D. .......... New York
ANTHONY S. BOTTAR, *Vice Chancellor,* B.A., J.D. .......... Syracuse
JAMES R. TALLON, JR., B.A., M.A. .......... Binghamton
ROGER TILLES, B.A., J.D. .......... Great Neck
CHARLES R. BENDIT, B.A. .......... Manhattan
BETTY A. ROSA, B.A., M.S. in Ed., M.S. in Ed., M.Ed., Ed. D. .......... Bronx
LESTER W. YOUNG, JR., B.S., M.S., Ed. D. .......... Beechhurst
CHRISTINE D. CEA, B.A., M.A., Ph.D. .......... Staten Island
WADE S. NORWOOD, B.A. .......... Rochester
KATHLEEN M. CASHIN, B.S., M.S., Ed. D. .......... Brooklyn
JAMES E. COTTRELL, B.S., M.D. .......... New York
T. ANDREW BROWN, B.A., J.D. .......... Rochester
JOSEPHINE VICTORIA FINN, B.A., J.D. .......... Monticello
JUDITH CHIN, M.S. in Ed .......... Little Neck
BEVERLY L. OUDERKIRK, B.S. in Ed., M.S. in Ed .......... Morristown
CATHERINE COLLINS, R.N., N.P., B.S., M.S. in Ed, Ed. D .......... Buffalo
JUDITH JOHNSON, B.A, M.A., C.A.S. .......... New Hempstead

**Commissioner of Education and President of the University**
MARY ELLEN ELIA

**Executive Deputy Commissioner**
ELIZABETH R. BERLIN

**Deputy Commissioner of P-12 Instructional Support**
ANGELICA INFANTE-GREEN

**Assistant Commissioner of the Office of Bilingual Education and World Languages**
LISSETTE COLON-COLLINS

The New York State Education Department wish to thank the NYS Board of Regents, the SIFE Workgroup, and many others who helped with the development of identification instruments to serve the Students with Interrupted/Inconsistent Formal Education (SIFE). Special thanks to Rachel Hoff, NYCDOE; Wanda Ortiz-Rivera, UFSD; Judy Goris-Moroff, HUFSD; Rejane Ribeiro and Sharon Deland, Patchogue-Medford; Cecilia Blanco, South Huntington; Maria Fielteau, Utica; Tiara Reyes Vega, Yonkers; The BRIDGEs Program staff; Elaine Klein, Annie Smith, Suzanna McNamara, Aika Swai, and many others.

The State Education Department does not discriminate on the basis of age, color, religion, creed, disability, marital status, veteran status, national origin, race, gender, genetic predisposition or carrier status, or sexual orientation in its educational programs, services and activities. Portions of this publication can be made available in a variety of formats, including braille, large print or audio tape, upon request. Inquiries concerning this policy of nondiscrimination should be directed to the Department's Office for Diversity and Access, Room 530, Education Building, Albany, NY 12234.

# विषयसूचीको तालिका


*उद्देश्य* ........ 1

*प्रश्नावली प्रयोग गर्ने कार्यविधिः योग्य कर्मचारी* ........ 2

*SIFE प्रश्नावली प्रदान गर्ने कार्यविधिः प्रोटोकल्स* ........ 2

*व्यक्तीगत र भाषा जानकारी सम्बन्धी जानकारीहरु* ........ 3

*सुरुवाती प्रश्नहरुकालागि निर्देशनहरु* ........ 3

*बेन्चमार्क १ को लागि निर्देशनहरुः परिवार र घरको पृष्ठभूमी* ........ 3

*बेन्चमार्क २ का लागि निर्देशनहरुः शैक्षिक इतिहास* ........ 4

*बेन्चमार्क ३ को लागि निर्देशनहरुः भाषा र साहित्यिक अभ्यासहरु* ........ 5

*बेन्चमार्क ४ का लागि निर्देशनहरुः अन्य प्रश्नहरु* ........ 5

*बेन्चमार्क ५ का लागि निर्देश्नहरुः कार्यसम्पादन प्रश्नहरु* ........ 5

## *उद्देश्य*

*SIFE मौखिक अन्तर्वार्ता प्रश्नावली* औपचारिक शिक्षा अवरोधित[1] भएका संभावित विध्यार्थीहरुको पहिचान गर्न मद्दत गर्ने व्यवस्था हो तथा उपयुक्त सेवा र हस्तक्षेपहरु प्रदान गर्दछ। उपयुक्त कर्मचारीहरुले ती विध्यार्थीहरुको पहिचान प्रक्रिया निश्चित गर्दा निम्म चरणहरु पालना गर्नुपर्छः

१. घरेलु भाषा प्रश्नावली (HLQ) प्रयोग गर्नु

२. विध्यार्थी र अभिभावक\अभिभावक सम्बन्धमा रहेको व्यक्तीलाई अङ्ग्रेजी र घरेलु भाषामा अन्तर्वार्ता लिनु

३. कार्य नमुना, विध्यालय अभिलेख र पुर्व आकलनहरुको निरिक्षण गर्नु

४. New York State Identification Test for English Language Learners (NYSITELL) को नतिजा प्राप्त गर्नु

५. SIFE मौखिक अन्तर्वार्ता प्रश्नावली प्रयोग गर्नु

६. Multilingual Literacy SIFE Screener (MLS) प्रयोग गर्नु

## *SIFE पहिचानका मार्गदर्शक सिद्धान्तहरु*

१. SIFE समयमै पहिचान गर्नु। (ELLs लगायत SIFE विध्यार्थीहरुको पहिचान र स्थानान्तरणको प्रक्रिया विध्यार्थीको विध्यालय जिल्लामा प्रारम्भीक भर्ना या पुनःभर्ना भएको दश(१०) दिनभित्र पुरा गरिसक्नु पर्नेछ।

२. तथ्याङ्क संकलन र विभाजित गर्नु, लगायतः

- आएको बेलाको उमेर
- गतिशिलता
- प्रवेश गर्दाको बखत शिक्षा लिएको वर्ष

३. गृह देश र संयुक्त राज्य अमेरिकामा सिकेको बेहोराको प्रकार र आयाम

४. पहिचान प्रक्रिया सावधानीपूर्वक दस्तावेज राख्नु
नोटः प्रत्येक विध्यालय जिल्लाले प्रारम्भीक पहिचान र कुनै पछि आउने निरिक्षण प्रक्रियासँग सम्बन्धीत सम्पूर्ण दस्तावेजहरु *घरेलु भाषा प्रश्नावली*, ***NYS Identification Test for English language learners assessment*** सहित राख्नुपर्नेछ र यो खण्डको परिच्छेद (क) र (ख) ले परिभाषित गरेको अन्य कुनै अभिलेख समेत राख्नुपर्नेछ। त्यस्तो सूचना विध्यार्थीको संचयी अभिलेखको भागको रुपमा राख्नुपर्नेछ।

५. कार्यक्रम स्थानान्तरण- द्विभाषिक शिक्षा वा नयाँ भाषाको रुपमा अङ्ग्रेजी

[1] अवरोधित शिक्षा भन्नाले विध्यार्थीहरुले शिक्षामा निरन्तरता नभएको / अवरोधहरु भएको बुझिन्छ जुन दुई वा सो भन्दा बढी वर्षहरुको हुन्छ।



Updated: 10/13/2017

## *प्रश्नावली प्रयोग गर्ने कार्यविधिः योग्य कर्मचारी*

अन्तर्वार्ता करिब २० मिनेटको हुनुपर्छ र योग्य कर्मचारीद्वारा प्रयोग गरिनुपर्छ साथै विध्यार्थीको प्राथमिक वा घरेलु भाषामा संचालन गरिनुपर्छ। आवश्यकता परे अनुवादक वा व्याख्याकर्ता प्रदान गर्नुपर्नेछ।

### *को हुन्" योग्य कर्मचारी"?*

द्विभाषिक शिक्षा वा अन्य भाषा बोल्नेहरुको लागि अङ्ग्रेजी(ESOL)का शिक्षक जोः

- सिआर भाग ८० को बमोजिम न्युयोर्क राज्यमा प्रमाणित छन्
- विध्यार्थी र अभिभावक वा अभिभावक सम्बन्धको व्यक्तीको घरेलु भाषामा निपुण छन् वा
- विध्यार्थी वा अभिभावक वा अभिभावक सम्बन्धको व्यक्तीले सबैभन्दा राम्ररी बुझ्न सक्ने भाषा वा संचारको माध्यमप्रयोग गर्ने योग्य अनुवादक वा व्याख्याकर्ताको प्रयोग गर्छन

शिक्षक जोः

- सिआर भाग ८० को बमोजिम न्युयोर्क राज्यमा प्रमाणित छन्
- सांस्कृतिक दक्षता, भाषा विकास र अङ्ग्रेजी भाषाका सिकारुहरुको आवश्यकता बारे तालिम प्राप्त छन्
- विध्यार्थी वा अभिभावक वा अभिभावक सम्बन्ध भएको व्यक्तीहरुको घरेलु भाषामा निपुण छन्।
- विध्यार्थी वा अभिभावक वा अभिभावक सम्बन्धको व्यक्तीले सबैभन्दा राम्ररी बुझ्न सक्ने भाषा वा संचारको माध्यमप्रयोग गर्ने योग्य अनुवादक वा व्याख्याकर्ताको प्रयोग गर्छन्।

## *SIFE प्रश्नावली प्रदान गर्ने कार्यविधिः प्रोटोकल्स*

१. अन्तर्वार्ता शान्त, कोलाहल रहित वातावरणमा हुनुपर्छ। विध्यार्थीहरु विध्यालय र विध्यालयको वातावरणले संयोजन गर्ने अपेक्षाहरुसँग अपरिचित हुने हुदा एउटा स्वागतयोग्य वातावरणको सुनिश्चित गर्नुहोस्। अभिभावक वा अभिभावक सम्बन्ध रहेको व्यक्ती सकेसम्म उपस्थित हुनुपर्छ, तर जरुरी भने छैन। विध्यार्थीले सबै प्रश्नहरु अभिभावक वा अभिभावक सम्बन्ध रहेको व्यक्तीको सहयोगबिना जवाफ दिनुपर्छ, तर अभिभावक वा अभिभावक सम्बन्ध रहेको व्यक्तीले आवश्यक परे स्पष्ट पार्न सक्छन्।

२. विध्यार्थीहरुलाई ठूलो स्वरमा प्रश्नहरु पढेर सुनाउनुपर्छ र दोहोर्याउनु पनि सकिनेछ। आवश्यकता अनुसार पुरक प्रश्नहरु सोध्न सकिनेछ।

३. राम्ररी प्रिन्ट गर्नुहोला र संक्षिप्तमा नलेख्नुहोला।

४. फारममा रहेका कोष्ठ अनुसारका निर्देशनहरु पालना गर्नुहोस र तल दिइएका मार्गदर्शन हेर्नुहोस्।

५. बेन्चमार्क ५ का प्रश्नहरु गर्दा अन्तर्वार्ताकारले पृथ्वीको नक्सा वा ग्लोब र सुईले समय जनाउने घढी उपलब्ध गराएको हुनुपर्छ।

## *व्यक्तीगत र भाषा जानकारी सम्बन्धी जानकारीहरुः*

यो खण्डको उद्देश्य अन्य दस्तावेजहरुमा दिइएका जानकारीहरु पुष्ठी अनि परिशिष्ट गर्नुका साथै स्तानान्तरण र प्रोगामिङलको लागि आधारभूत जानकारी प्रदान गर्नु हो। साथै, अन्तर्वार्ताकारले आवश्यक जानकारीहरु सोधेर विध्यार्थीहरुले जवाफ दिनसक्ने क्षमता निर्धारण गर्न सक्छन्।प्रमाणिकरणको लागि यो जरुरी छ कि जवाफहरु उपलब्ध भएका विध्यालय अभिलेख र अन्य दस्तावेजहरुसँग मेल खान्छ।

यदि विध्यार्थीले जनाउछ कि निज बहुभाषिक हुन् भने पुरक प्रश्नहरुले निज विध्यार्थीको प्राथमिक वा घरेलु भाषा कुन हो भनि निर्धारण गर्नुपर्छ। आवश्यक परे, प्राथमिक भाषा कुनै भाषिका हो कि भनि निर्धारण गर्नुपर्छ। यदि विध्यार्थी प्रश्नको जवाफ दिन असमर्थ हुन्छ भने, निजको अभिभावक वा अभिभावक सम्बन्ध भएको व्यक्ती उपस्थित छन् भने निजहरुले सहयोग गर्न सक्छन् ।

## *सुरुवाती प्रश्नहरुकालागि निर्देशनहरुः*

यस खण्डको उद्देश्य विध्यार्थीलाई अन्तर्वार्ताको ढाँचामा तयार पार्नु र निजको विवादस्पद संकेत प्रति जवाफ दिन सक्ने क्षमता निर्धारण गर्नु हो। दिइएको जवाफले बाहिरी रुची दर्शाउन सक्छ र\वा  क्षमताले सामाजिक, भावनात्मक वा आर्थिक चुनौतीहरु माथि प्रकाश पार्न सक्छ र सम्भावित सहयोगी सेवाहरुको आवश्यकता दर्शाउन सक्छ।

वैकल्पिक वा पुरक प्रश्नहरुः

> के तपाई खेल खेल्नुहुन्छ? यदि खेल्नुहुन्छ भने, मलाई सो खेलको बारे केही भन्नुहोस्।
>
> के तपाई विध्यालयमा नहुनुभएको बेला काम गर्नुहुन्छ? यदि गर्नुहुन्छ भने, तपाईको कामको वर्णन गर्नुहोस्।
>
> न्यू योर्क\ तपाईको समुदायमा बस्नुको बारे तपाईलाई के मनपर्छ?

## *बेन्चमार्क १ को लागि निर्देशनहरुः परिवार र घरको पृष्ठभूमी*

यो खण्डले विध्यार्थीको सामाजिक, सांस्कृतिक र आर्थिक परिस्थितिबारे थप जानकारी प्रदान गर्नेछ र पारिवारिक र काममा जुधिएका दायित्वहरुको गम्भिरता स्थापित गर्न सहयोग गर्छ र\ वा विध्यार्थीको शिक्षामा परिवार र विस्तारित परिवारका सदस्यहरुले कति सम्म समर्थन गर्छन र /वा समावेश हुन्छन् भन्ने स्थापित गर्न सहयोग गर्छ।

कुनै अपरिचित शब्दहरु, जस्तै "माध्यमीक विध्यालय" या "स्नातक विध्यालय" लाई परिभाषित/वर्णन गर्न सकिनेछ वा अन्य कुनै शब्दहरुलाई आवश्यकता अनुसार प्रतिस्थापित गर्न सकिनेछ।

निम्न कारकहरु याद राख्नुहोस  जसले SIFE विध्यार्थीको जीवनको लक्ष्य, आशा र शिक्षाको अपेक्षाहरुलाई प्रभाव पार्न सक्छन्। SIFE विध्यार्थी एउटा नयाँ र फरक संस्कृतीमा प्रवेश गर्छ, जसको स्पष्ट र अस्पष्ट सामाजिक\व्यवहारिक नियमहरु, सांस्कृतिक प्राथमिकताहरु र मुल्य मान्यताहरु अपरिचित छन्। उनीहरुले  भरपर्दो सहयोगी प्रणालीमा पहुँचको अभावले विभिन्न खालका चिन्ताहरु अनुभव गर्न सक्छन् जस्तै विस्तारित परिवार, साथीहरु र \ वा परिचित र पूर्वानुमान गर्न सकिने दिनचर्याबाट विछोड। उनीहरुले अमेरिकी विध्यालयमा अपेक्षा गरेको सामाजिक-शैक्षणिक र सांस्कृतिक क्षमताहरु पूर्ण रुपमा नपाएका हुन सक्छन्। माध्यमिक स्तरमा पारिवारिक र कामको दायित्व र शैक्षिक बेन्चमार्क प्राप्त गर्ने छोटो समयको कारणले विध्यालय छोड्ने जोखिम बढाउछ। यद्दपि, SIFEs ले विविध अनुभवहरु गरेको छ जुन उचित रुपले समायोजन गरेमा उत्पादक विद्यार्थी जीवनलाई स्थायित्व दिन सकिन्थ्यो।

## *बेन्चमार्क २ का लागि निर्देशनहरुः शैक्षिक इतिहास*

यो खण्डले विध्यार्थीको शैक्षिक इतिहासको विस्तृत जानकारी प्रदान गर्नेछ र उनीहरुको शिक्षामा कुनै अवरोध वा असंगतिहरु छन् कि भनि निर्धारण गर्न सहयोग गर्छ। संयुक्त राज्य अमेरिकाको कक्षा स्तर सधैं अन्य मुलुकको झै मेल नखाने हुदा विध्यार्थीहरुलाई उमेरको हिसाबले सोध्नुहोस्। निर्देशनमा सङ्केत गरिए झै, "जब तपाई (उमेर)..." भनेर सोध्न सुरु गर्नुहोस्। त्यसपछि त्यो पङ्तीका सबै प्रश्नहरु सोध्नुहोस्। कृपया याद राख्नुहोस् कि विध्यार्थीको जवाफको आधारमा कक्षा स्तर र उमेर दायरा आफैले  मिलाउन बाया पट्टी खाली कलम राखिएको छ। यदि कुनै ट्रान्सक्रिप्ट वा कागजातहरु उपलब्ध भएनन भने यो प्रयोग गर्न सकिन्छ, तर यसलाई प्राप्त भएका अभिलेखहरुसँग जाच गराइनुपर्छ।

*"तपाईले विध्यालयमा कति समय बिताउनुभयो?"* भन्ने प्रश्नको लागि विध्यार्थी पुरै शैक्षिक वर्ष, आंशिक वर्ष, महिनाहरु वा घण्टाहरु उपस्थित भए भनि संकेत गर्नुहोस्। *"तपाईले सो वर्ष विध्यालयभन्दा बाहिर पढ्नुभयो?"* भन्ने प्रश्नको लागि संभावित जवाफहरु साझको विध्यालय\ लगातार शिक्षा, घरमा शिक्षा वा निजी शिक्षकसँग सत्र भन्ने सम्मिलित हुन्छन्।

"थप जानकारी" भन्ने कोष्ठ तालिकामा नपरेका जानकारीहरु टिप्नका लागि प्रयोग गर्नुपर्छ।

"थप जानकारी" कोष्ठ पछि तीनवटा खुल्ला प्रश्नहरु छन् जसले विध्यार्थीहरुलाई निजको गृह देशको विध्यालयको अनुभवको बारे वर्णन गर्न लगाउदछन्। सकेसम्म विस्तृत विवरण दिनुहोला र  आवश्यकता अनुसार पुरक प्रश्नहरु सोध्नुहोस्। थप वा पुरक प्रश्नहरुमा निम्न समावेश गर्न सकिन्छः

तपाई विहान विध्यालय पुगेर सबैभन्दा पहिले के गर्नुहुन्थ्यो?

तपाईलाई आफ्नो कक्षाकोठाको बारे के मनपर्थ्यो?

तपाईलाई कुन विषय पढ्न मनलाग्थ्यो? किन

तपाईलाई कुन विषय पढ्न मनलाग्दैनथ्यो? किन

तपाईले कुनै विषयमा राम्रो गर्नुहुन्थ्यो? किन

तपाईले केहि सिकिरहेको छु जस्तो लाग्थ्यो? किन / किन होइन

तपाई मलाई आफ्नो मनपर्ने शिक्षकको बारे केही भन्नुसक्नुहुन्छ?

तपाईको साथीहरुको समूह थियो? उनीहरुको बारे केही भन्नुहोस।

संकेत र प्रश्नहरु दुवै प्रश्न ३ अगाडिको खाली ठाउँमा टिप्नुहोस।



Updated: 10/13/2017

## *बेन्चमार्क ३ को लागि निर्देशनहरुः भाषा र साहित्यिक अभ्यासहरु*

यो खण्डको उद्देश्य विध्यार्थीले विध्यालय बाहिर प्रयोग गर्ने भाषा सम्बन्धी विवरण प्रदान गर्नु, निजहरुका तत्काल संलग्नता र पढ्ने, लेख्ने क्रियाकलाप सम्बन्धी अनुभव र कम्प्युटर प्रविधि तथा अन्य संचार माध्यम सम्बन्धी निजहरुको संलग्नता र अनुभवको विवरण प्रदान गर्नु हो।

विध्यार्थी अपरिचित भएका कुनै शब्दहरु परिभाषित वा व्याख्या गर्नुहोस्। फारममा दिइएका निर्देशनहरु पालना गर्नुहोस र मिल्ने गरि एक वा सबै कोष्ठहरुमा जाँच गर्नुहोस्।

## *बेन्चमार्क ४ का लागि निर्देशनहरुः अन्य प्रश्नहरु*

यो खण्डले विध्यार्थीको पेशा र पढाईको लक्ष्यलाई सम्बोदन गर्छ। "भविष्यमा तपाई कुन काम गर्न चाहनुहुन्छ?" भन्ने पहिलो प्रश्न सबै विध्यार्थीहरुलाई सोध्न सकिन्छ, र सो प्रश्नलाई परिमार्जन समेत गर्न सकिन्छ। उदाहरणको लागि, तपाईले यसो सोध्नुसक्नुहुन्छः

> तपाई भविष्यमा कस्तो काम गर्न रुचाउनुहुन्छ?
>
> तपाई अध्ययन सकाएर कस्तो खालको काम गर्न रुचाउनुहुन्छ?
>
> आफ्नो शिक्षा सकाएर तपाईले आफ्नो कस्तो भूमिका देख्नुहुन्छ?

कम उमेरका विध्यार्थीहरुका लागि "तपाई ठूलो भएपछि के गर्न चाहनुहुन्छ?" भनि प्रश्न सोध्न सकिन्छ।

## *बेन्चमार्क ५ का लागि निर्देश्नहरुः कार्यसम्पादन प्रश्नहरु*

यो खण्डको उद्देश्य विध्यार्थीलाई दिइएको संकेतप्रति निजको आधारभूत कार्य गर्ने क्षमताको प्रतिक्रियाको मुल्यांकन गर्नु हो।

पहिलो कार्यको लागि, अन्तर्वार्ताकारसँग अन्तर्वार्ता लिने कोठामा विश्वको नक्सा वा ग्लोब भएको हुनुपर्छ।

विध्यार्थीलाई निम्मानुसार संकेत गर्नुहोसः

> *अब म तपाईलाई केहि कार्य गर्न लगाउनु आटेको छु। पहिलो, तपाई यस* विश्वको *नक्सा वा ग्लोबमा आफ्नो गृह देश देखाइ नाम भन्नुहोस्।*
>
> *त्यसपछि, तपाई यस विश्वको नक्सा वा ग्लोबमा आफ्नो गृह देशको राजधानी देखाइ नाम भन्नुहोस।*

निम्न जानकारी टिप्पणी कोष्ठमा टिप्नुहोस्:

- विध्यार्थीको संकेत बुझ्न सक्ने क्षमता
- विध्यार्थीको कार्य गर्न सक्ने क्षमता
- दोहोर्याइएका संकेतहरुको शब्दावलीहरु, लागु हुनेगरि

दोस्रो कार्यको लागि, अन्तर्वार्ताकारसँग अन्तर्वार्ता लिने कोठामा सुईले समय जनाउने घढी भएको हुनुपर्छ। यो भित्ते घढी वा हाते घढी हुनसक्छ।

विध्यार्थीलाई निम्नानुसार संकेत गर्नुहोसः *अब तपाई यो घढि हेरि मलाई हालको समय बताउनुहोस्।*

निम्न जानकारी टिप्पणी कोष्ठमा टिप्नुहोस्:

- विध्यार्थीको संकेत बुझ्न सक्ने क्षमता
- विध्यार्थीको कार्य गर्न सक्ने क्षमता
- दोहोर्याइएका संकेतहरुको शब्दावलीहरु, लागु हुनेगरि